# नेपाल राष्ट्र बैंक

## सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग

## बालुवाटार, काठमाडौं ।

## चमेना गृह सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**प्रकाशित मिति २०८१/१०/१३**

यस बैंकको बालुवाटार र थापाथलीस्थित भवन परिसरभित्र चमेना गृह सञ्चालन गरी बैंकका पदाधिकारी, अधिकृत तथा कर्मचारीहरु र सुरक्षाकर्मीहरुलाई चिया, खाजा/खाना उपलब्ध गराउनु पर्ने भएकोले चमेनागृह सञ्चालन गर्न ईच्छुक फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका शर्तहरुको अधिनमा रहि प्रस्ताव आव्हान गरिएकोछ ।

**तपसिल**

१. चमेनागृह सञ्चालनको लागि बैंकबाट उपलब्ध गराइएको प्रस्ताव फाराम रितपुर्वक भरी आवश्यक कागजात साथ सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

२. प्रस्तावदाताले प्रस्ताव फारमसाथ फर्म वा कम्पनीको अद्यावधिक दर्ता प्रमाणपत्र, पान दर्ता, मु.अ.कर दर्ता प्रमाणपत्र, आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. फर्म वा कम्पनीको तर्फबाट प्रस्ताव पेश गर्दा प्रोपाईटर, सञ्चालक वा अख्तियार प्राप्त व्यक्तिले फारमको प्रत्येक पानामा दस्तखत गरी आफ्नो छाप समेत अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

४. प्राप्त प्रस्तावहरु तोकिएको मितिमा प्रस्तावदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधिहरु उपस्थिति नरहेमा पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन ।

५. प्रस्ताव पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनमा तोकिएको समयसम्म प्रस्ताव बुझ्ने र सोही दिन खोलिनेछ ।

६. बैंकबाट प्रकाशित सूचना तथा माथि उल्लेखित सवै कुराहरुको रीत नपुगेको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

७. प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

८. रितपुर्वक प्राप्त प्रस्ताव मध्ये बैंकले मूल्यांकन गरी छनोट गरिएका प्रस्तावकले बैकसंग सम्झौता गरी चमेनागृह सञ्चालन गर्नुपर्नेछ ।

९. बैंक र चमेना गृह सञ्चालक वीच सम्झौता गर्नु अघि सञ्चालकले रु.५०,०००।- (अक्षरेपि पचास हजार रुपैंया मात्र) धरौटी बापत यस बैकमा जम्मा गर्नु पर्नेछ ।

१०. चमेनागृह सञ्चालनको लागि बैंकको भवन प्रयोग गरे बापत कुनै शुल्क/भाडा तिर्नु पर्ने छैन । चमेनागृह सञ्चालनको लागि सरसफाईजन्य पानी बैंकले निशुल्क उपलब्ध गराउने छ । पिउने तथा खाना पकाउने स्वच्छ पानी बैंकले तोकिए बमोजिम परिमाणमा उपलब्ध गराउने छ र सो भन्दा वढी पानी आवश्यक भएमा सञ्चालक स्वयंले व्यवस्था गर्नुपर्नेछ ।

११. चमेना गृहका लागि छुट्टै विद्युत सब-मिटर जडान हुने र उक्त सब-मिटरमा उठेको बिलको भुक्तानीको दायित्व चमेना गृह सञ्चालकको हुनेछ ।

१२. चमेना गृहको लागि आवश्यक फर्निचर, कुर्सी, टेवल, भाँडावर्तन लगायत सामाग्रीको व्यवस्था सञ्चालकले गर्नु पर्नेछ ।

१३. चमेनागृह सञ्चालनका लागि छनौट भएका पक्षलाई सम्झौता भएको मितिले २ बर्षको अवधिको स्वीकृति प्रदान गरिनेछ । नियमित अनुगमन तथा कर्मचारीहरुको पृष्ठपोषणबाट सेवा सन्तोषजनक पाइएमा अवधि थप गर्न सकिनेछ ।

१४. चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाई स्थितिका बारेमा बैंकले निरन्तर अनुगमन गर्नेछ । पूर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत बैंकले हटाउन सक्नेछ ।

१५ चमेनागृह सञ्चालकले शुद्ध, स्वच्छ, स्वास्थ्यवर्द्धक, ताजा, मिसावट रहित एवं गुणस्तरीय खाद्य वस्तु तथा परिकारहरु तयार गर्नुपर्नेछ । खाद्य परिकारहरु तयार गर्दा स्वच्छ, शुद्ध पानी मात्र प्रयोग गर्नुपर्नेछ ।

१६. अन्य कुराहरु प्रस्ताव फाराममा उल्लेख गरिएकोछ । थप केहि जानकारी लिनु परेमा यस विभागको आन्तरिक प्रशासन फाँट, फोन नं. ५७१९६४१ एक्स्टेन्सन. ११६८/११६९ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।